मिति:२०७८।८।९

विषय: तेश्रो वार्षिक साधारण सभा वस्ने सम्वन्धी सूचना।

आदरणीय शेयरधनी महानुभाव,

कम्पनीको नियमावलीको नियम १८ वमोजिम तथा मिति २०७८।८।८ गतेका दिन सम्पन्न कम्पनीको सञ्चालक समितिको २९ औ वैठकले यस नेपाल वेयरहाउजिङ्ग कम्पनीको तेश्रो वार्षिक साधारण सभा देहाय वमोजिमको मिति, समय र स्थानमा देहायमा उल्लेख गरिएका विषयहरुमा छलफल गर्ने गरी आह्वान गर्ने निर्णय गरेकाले सो मिति,समय र स्थानमा उपस्थित हुनु भई वार्षिक साधारण सभामा भाग लिनु हुन हार्दिक अनुरोध गर्दछु। वार्षिक साधारण सभामा उपस्थित हुन नसक्ने महानुभावले प्रोक्सी मनोनित गरी भाग लिन सक्नु हुने व्यहोरा पनि जानकारी गराउदछु। प्रोक्सी मनोनयन फारमको नमूना समेत यसै पत्र साथ संलग्न गरिएकोछ।

<u>देहाय</u>

**वार्षिक साधारण सभा वस्ने मितिः** २०७८।९।१ गते (तदनुसार ई.सं. १६ डिसेम्वर, २०२१) विहिवार।
**वार्षिक साधारण सभा वस्ने समयः** अपरान्ह ३:०० वजे।
**वार्षिक साधारण सभा वस्ने स्थानः** कम्पनीको रजिष्टर्ड कार्यालय, सिनामङ्गल, काठमाण्डौ।

<u>छलफलका विषयहरु:</u>

क. सामान्य प्रस्ताव अन्तरगत,

१. आ.व. २०७७/७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने। (संलग्न)
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ असाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त भएको आ.व. २०७७/७८ को नाफा नोक्सान हिसाव, नाफा नोक्सान वाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने। (संलग्न)
३. आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

ख. विशेष प्रस्ताव अन्तरगत,

१. कम्पनीको प्रवन्धपत्रको दफा ६ को (क) (ख) (ग) र (घ) तथा नियमावलीको नियम २७ को (२) मा संशोधन पारित गर्ने। र उक्त संशोधनमा कम्पनी रजिष्ट्रारको कार्यालयले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थपघट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने। (संलग्न)
२. माथि (१) मा उल्लेख भए वमोजिम कम्पनीको प्रवन्धपत्रको दफा ६ को (घ) मा संशोधन पारित भई सोमा कम्पनी रजिष्ट्रार कार्यालयबाट स्वीकृति प्राप्त भए पश्चात् सम्वन्धित नियमनकारी निकायको स्वीकृतिमा सोहि

NEPAL WAREHOUSING COMPANY LIMITED

nepalwarehouse.com.np KUK Building, Sinamangal, Kathmandu, Nepal +977-1-4467791, 4467792, 4467793

Scanned with CamScanner

दफा ६ को (घ) वमोजिम कम्पनीको जारी पूँजीको २० (वीस) प्रतिशत वरावरको शेयर रकम प्रारम्भिक सार्वजनिक निष्काशनका माध्यमबाट सङ्कलन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने। साथै,उक्त प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने क्रममा आइपर्ने सम्पूर्ण कार्यहरु गर्नका लागि सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने।

ग. विविध।

सञ्चालक समितिको आज्ञाले,

(मुकुन्द भुसाल)
कम्पनी सचिव
नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड

संलग्नः

१) सञ्चालक समितिको वार्षिक प्रतिवेदन
२) वित्तीय विवरण
३) संशोधन प्रस्ताव
४) प्रोक्सी फारम

Scanned with CamScanner